# गोसाईकुण्ड गाउँपालिका रसुवा

## स्थानीय राजपत्र

खण्ड:- ०४ संख्या:- ०१ मिति:- २०७८/११/२३


## भाग – २

## अपाङ्ग पुनर्स्थापना कोष व्यवस्थापन तथा परिचालन कार्यविधि २०७८

**प्रस्तावनाः**

अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण प्रबर्द्धन र अधिकारका लागि नीतिगत व्यवस्था योजना तथा कार्यक्रम संचालन र स्रोत परिचालन गर्न सम्बन्धित सरकारी गैर सरकारी निकाय साझेदार निकायबीच समन्वय कायम गरी गाउँपालिका क्षेत्रमा विविध कार्यक्रमहरु संचालन भैरहेका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी (CRPD), नेपालको संविधान, विभिन्न ऐन नियम र नीतिहरु तथा अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा अनुरुप गोसाईकुण्ड गाउँपालिका क्षेत्रमा वसोवास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गिण हित र पुनर्स्थापनाको लागि कार्यक्रमहरु संचालन भएका छन् ।

सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई आफ्नो समुदायमा नै व्यवस्थित एवं सम्मानपूर्ण पुनर्स्थापना गर्ने कार्यमा स्थानीय तहका वडाहरु सामुदायिक तथा गैर सरकारी संघसंस्था र निजी संघसंस्थाहरु समेत सबैको महत्वपूर्ण भूमिका रहन्छ । अपाङ्ग पुनर्स्थापना कोष व्यवस्थापन तथा परिचालन कार्यविधिको माध्यमबाट गाउँपालिकाका वडाहरु एवम् संघ संस्थाहरुको भूमिका सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरुलाई परिवार र समुदायमा सम्मानपूर्ण पुनर्स्थापना गर्ने उद्देश्य पूरा गर्न स्पष्ट मार्गदर्शन आवश्यक भएको हुँदा गोसाईकुण्ड गाउँपालिकाले अपाङ्ग पुनर्स्थापना कोष व्यवस्थापन तथा परिचालन कार्यविधि २०७८ जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः**

यस कार्यविधिको नाम अपाङ्ग पुनर्स्थापना कोष व्यवस्थापन तथा परिचालन कार्यविधि २०७८ रहेको छ । यो कार्यविधि गोसाईकुण्ड गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२ परिभाषाः**

क) **ऐन** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

ख) **संविधान** भन्नाले नेपालको वर्तमान संविधान सम्झनुपर्छ ।

ग) **स्थानीय कानून** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको गाउँसभाले बनाएको कानून सम्झनु पर्छ ।

घ) **गाउँपालिका** भन्नाले गोसाईकुण्ड गाउँपालिकालाई बुझ्नुपर्छ ।

ङ) **गाउँ सभा** भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा १ बमोजिम यस गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

च) **अध्यक्ष** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

छ) **उपाध्यक्ष** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ज) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गोसाईकुण्ड गाउँ कारयपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

झ) **कार्यपालिका** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ञ) **पदाधिकारी** भन्नाले गोसाईकुण्ड गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्यहरु सम्झनु पर्छ ।

ट) **वडा** भन्नाले गोसाईकुण्ड गाउँपालिकाका वडाहरु सम्झनु पर्छ ।

ठ) **वडाध्यक्ष** भन्नाले गोसाईकुण्ड गाउँपालिकाका प्रत्येक वडाका वडाध्यक्ष सम्झनु पर्छ ।

ड) **वडा समिति** भन्नाले संविधानको धारा २२२ को उपधारा ४ र धारा २२३ को उपधारा ४ बमोजिमको वडा समिति सम्झनु पर्छ ।

ढ) **सदस्य** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको गाउँसभा वा गाउँ कार्यपालिकाको सदस्य सम्झनुपर्छ । साथै सो शब्दले गाउँ सभा वा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

ण) **मन्त्रालय** भन्नाले स्थानीय तह हेर्ने संघीय सरकार र वागमती प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

त) **विषयगत कार्यालय** भन्नाले गोसाईकुण्ड गाउँपालिका अन्तर्गत विभिन्न विषयगत कार्यालय समेत सम्झनु पर्छ ।

थ) **समुदायमा आधारित पुनर्स्थापना कोष** भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य शिक्षा तालिम रोजगार आयआर्जन व्यवसाय जस्ता आधारभूत सेवामा पहुँचको व्यवस्था गर्दै आफ्नै परिवार र समुदायमा पुनर्स्थापित गर्ने गरी आत्मनिर्भर गर्ने र उनीहरुको सामाजिक सहभागितालाई अभिवृद्धि गर्दै सशक्तिकरण समेत गर्ने एकीकृत कोषलाई सम्झनु पर्छ ।

द) **विकास साझेदार** भन्नाले नेपाल सरकार वा गोसाईकुण्ड गाउँपालिकासँग भएको सम्झौता वा सहकार्य गर्ने द्विपक्षीय एवम् बहुपक्षीय दातृनिकाय संयुक्त राष्ट्रसंघीय निकायहरु अन्तर्राष्ट्रिय गैरसरकारी संस्था निजी क्षेत्र तथा सामुदायिक संस्था समेत सम्झनु पर्छ ।

ध) **उपभोक्ता समिति** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण सञ्चालन व्यवस्थापन र मर्मत सम्भार गर्न आफूमध्येबाट गाउँपालिकाबाट निर्धारित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ ।

न) **गैरसरकारी संस्था** भन्नाले यस कार्यविधिको प्रयोजनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र गोसाईकुण्ड गाउँपालिकाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई वा यस गाउँपालिकासँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैर नाफामुलक संस्था सम्झनु पर्छ ।

प) **सामुदायिक संस्था** भन्नाले जनचेतना सम्बन्धी क्षमता अभिवृद्धि तालिम, कानुनी अभिमुखिकरण, सीप विकास, बचत संकलन तथा कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अबलम्बन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा गोसाईकुण्ड गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

फ) **लक्षित समूह** भन्नाले आर्थिक रुपमा विपन्न वर्गका अपाङ्गता महिला बालबालिका ज्येष्ठ नागरिक तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग र समुदाय सम्झनु पर्छ ।

ब) **योजना** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको वार्षिक योजना क्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजना सम्झनु पर्छ ।

भ) **कार्यक्रम** भन्नाले निश्चित उध्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहु क्षेत्रगत कार्यक्रम सम्झनु पर्छ ।

म) **आयोजना** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको कुनै भौगोलिक क्षेत्र वा कार्य क्षेत्रमा निश्चित अवधि र लगानी तोकी निर्धारित उध्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनु पर्छ ।

ल) **अनुदान** भन्नाले संघीय सरकार र प्रदेश सरकारबाट गोसाईकुण्ड गाउँपालिकालाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान, अन्य मन्त्रालयबाट प्राप्त अनुदान, विकास समिति कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय प्राविधिक एवम् वस्तुगत सहयोगसमेत सम्झनु पर्छ ।

## परिच्छेदः २

### उध्देश्य तथा अवधारणा

२.१ अपाङ्ग पुनर्स्थापना कोष व्यवस्थापन तथा परिचालन कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः

क) अपाङ्ग भएका व्यक्तिहरुप्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने ।

ख) अपाङ्गता भएका नागरिकहरुको सम्पूर्ण पक्षको विकासका लागि संचालित कार्यक्रममा स्थानीय समुदाय तथा संघसंस्था परिचालन गर्दै लक्षित व्यक्तिहरुको सहभागिता बढाउने ।

ग) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि तथा जीवनयापन सुधारका लागि निजहरुको आवश्यकतामा आधारित शिक्षा, स्वास्थ्य, तालिम, नेतृत्व विकास कार्यक्रम, लघु ऋणका साथै आवश्यक सामग्रीहरु उपलब्ध गराउन सामाजिक सशक्तिकरण गराई विकासको मूल प्रवाहमा ल्याउन र अन्य नागरिक सरह सक्षम र स्वाबलम्बी बनाउन यस गाउँपालिकाको गाउँसभाबाट स्वीकृत रकम, अन्य संघसंस्थाबाट अपाङ्गता भएका व्यक्तिको सहयोगका लागि प्राप्त रकम रहेको अपाङ्गता पुनर्स्थापना कोष व्यवस्थापन र परिचालन गर्ने ।

२.२ अपाङ्गता पुनर्स्थापना कोष व्यवस्थापन तथा परिचालन कार्यविधिको अवधारणाः

क) स्थानीय समुदायको पहल र नेतृत्वमा कार्यक्रम संचालन तथा व्यवस्थापन हुने ।

ख) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि सेवा सुविधा र अवसर उपलब्ध गराउँदै यस्ता समुदायलाई विकास सम्बन्धी सबै क्रियाकलापहरुमा सहभागी गराउन कोषको परिचालन गरिनेछ ।

ग) यस गाउँपालिकाले अपाङ्गताको मुद्दालाई विकासको विषय मान्दै सामुदायिक सहभागितामूलक र निरन्तर क्रियाशीलताका आधारमा मुलतः अपाङ्गता भएका व्यक्तिहरुको जीवन सहज र सम्मानीत तुल्याउने यस कार्यविधिको लक्ष्य रहेको छ ।

घ) यस गाउँपालिका स्तरीय अपाङ्गता समन्वय समितिले अपाङ्गता सम्बन्धी विभिन्न गाउँपालिका स्तरीय कार्यक्रमहरु संचालन गर्न सक्नेछ । जस्तैः अपाङ्गता दिवसको अवसरमा सडक नाटक, सम्मान कार्यक्रम, अपाङ्ग अधिकार र कानुनी अभिमुखिकरण कार्यक्रम, कविता, अन्य रचनात्मक प्रतियोगितात्मक कार्यक्रमहरु ।

ङ) गाउँपालिका स्तरीय अपाङ्ग समन्वय समितिको बैठक बस्दा सहभागी यातायात खर्च र बैठक भत्ता तथा खाजावापत् प्रति पदाधिकारी बढिमा रु २०००। खर्च गर्न सकिने छ । यस प्रकृतिको रकम वार्षिक रुपमा लैगिंक समानता तथा सामाजिक समावेशीकरण क्षेत्र अन्तर्गत गाउँपालिकाबाट विनियोजन गरिएको कार्यक्रम शीर्षकबाट व्यवस्था हुनेछ ।

## परिच्छेदः ३

### कार्यविधिको लक्ष्य

३. अपाङ्ग पुनर्स्थापना कोष व्यवस्थापन र परिचालन कार्यविधिको लक्ष्यः

क) यस कार्यविधिले गाउँपालिका क्षेत्रमा वसोवास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक, बोद्धिक क्षमताको विकास गरी उनीहरुलाई सशक्त तुल्याउन मद्दत गर्ने ।

ख) गाउँपालिकाको दैनिक सेवा प्रवाहमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच सुनिश्चित गर्न सहजीकरण गर्ने ।

ग) अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमा समाहित र सम्मानित जीवन निर्वाहलाई प्रभावकारी तुल्याउन समुदायमा आवश्यक बहस पैरवी तथा कानुनी परामर्श प्रदान गर्ने ।

घ) गाउँपालिका क्षेत्रमा वसोवास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम तथा उनीहरुको माग बमोजिम आर्थिक स्तर उठाउने व्यवसाय संचालन, प्रवर्द्धन अनुदान एवं आवश्यकतामा आधारित सहायक सामग्री प्रदान गर्ने ।

## परिच्छेद ४

### निर्देशक समिति गठन तथा कामकर्तव्य र अधिकार

४.१ अपाङ्ग पुनर्स्थापना कोष व्यवस्थापन तथा परिचालनका लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय एउटा निर्देशक समिति रहने छ र यसको गठन यस प्रकार हुनेछ ।

क) गाउँपालिका उपाध्यक्ष संयोजक

ख) गाउँ कार्यपालिकाका सदस्यमध्ये गाउँपालिका अध्यक्षबाट मनोनित १ जना सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ) अपाङ्गता भएका व्यक्ति परिवारका सदस्यमध्ये समितिबाट मनोनित १ महिलासहित २ जना सदस्य

ङ) गाउँपालिका वा जिल्लाका अपाङ्गता सम्बन्धी गैरसरकारी संस्थाका प्रतिनिधिमध्ये समितिले मनोनित गरेको १ जना सदस्य

च) गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक सदस्य

छ) गाउँ कार्यपालिका कार्यालयका स्वास्थ्य शाखा प्रमुख सदस्य

ज) स्थानीय प्रहरी कार्यालयको प्रमुख सदस्य

झ) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख सदस्य सचिव

४.२ अपाङ्ग पुनर्स्थापना कोष व्यवस्थापन तथा परिचालन सम्बन्धी निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) गाउँपालिका क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक संकलन तथा अध्यावधिक गर्ने गराउने ।

ख) अपाङ्गता भएका व्यक्तिहरुका लागि वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गर्ने गराउने । .

ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि सचेतना अभिवृद्धि गर्ने समान प्रकृतिका क्रियाकलापहरु कार्यान्वयन गर्न निर्देशन दिने साथै लक्षित समुहका लागि गोष्ठी, सेमिनार, अन्तर्क्रिया संचालन गर्न सहयोगी निकायहरुलाई परिचालन गर्ने ।

घ) अपाङ्गता भएका व्यक्तिहरुको लागि संचालित कार्यक्रमको अनुगमन गर्ने र अभिलेख व्यवस्थापन गर्ने गराउने

ङ) गाउँपालिका तथा यस कार्यविधिबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरण र प्रतिवेदनको विश्लेषण गर्ने ।

च) अपाङ्गता भएका व्यक्तिहरुको कार्यक्रममा संघ, प्रदेश र जिल्लास्तरका निकायसँग समन्वय गर्ने ।

छ) अपाङ्गता भएका व्यक्तिहरुका लागि प्रचलित ऐन अनुरुप परिचयपत्र वितरण क्षमता अभिवृध्दि कार्यक्रम व्यवसायिक तालिम स्वास्थ्य उपचार परामर्श सेवा सहायक सामग्री वितरण तथा आर्थिक सहयोग उपलब्ध गर्न स्थानीय गाउँपालिकालाई सिफारिस गर्ने ।

ज) समितिले संवेदनशील अवस्थामा रहेका अपाङ्गता भएका व्यक्ति वा निजको स्याहार गर्ने परिवार सदस्यका लागि एक पटकका लागि स्वास्थ्य उपचार गर्न बढीमा कोषबाट रु ५००००। सम्म अनुदान सहयोग गर्न कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ । उक्त सिफारिसमाथि आसन्न कार्यपालिका बैठकबाट पारित भएपछि कार्यान्वयन हुनेछ ।

झ) बाढी, पहिरो, आगजनी, महामारी रोगको संक्रमण लगायत प्राकृतिक र मानवीय प्रकोपका कारण जोखिममा परेका अपाङ्गता भएका व्यक्तिहरुको उध्दारको आवश्यकता, औचित्यता र सामर्थ्यताका आधारमा कोषबाट आर्थिक सहयोग उपलब्ध गर्ने तथा अन्य सहयोगी संस्थाबाट पनि आर्थिक् सहयोग जुटाउन पहल गर्ने ।

ञ) गाउँपालिकाबाट प्रत्येक वर्ष अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न शाखाबाट पेश गरिएको प्रस्तावको अध्ययन गरी संचालन गर्न अनुमति दिने ।

ट) गाउँपालिकास्तरमा तोकिएको बैंकमा कोषको छुट्टै खाता हुनेछ जसको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत वा तोकिएको लेखा समूहको कर्मचारीको संयुक्त दस्तखतमा हुनेछ ।

ठ) प्रत्येक चौमासिक रुपमा सम्बन्धित शाखाले कोषको प्रगति प्रतिवेदन यस समितिमा पेश गर्ने र समितिका संयोजकबाट गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

ड) गाउँपालिकाको लेखा परीक्षणसँगै यस कोषको पनि लेखा परीक्षण हुनेछ ।

ढ) समितिले यस कार्यविधि अनुसार कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुको परामर्श लिन सक्नेछ ।

ण) समितिको बैठक यसै गाउँ कार्यपालिकाको कार्यालयमा बस्नेछ र बैठक सम्बन्धी अन्य कार्यविधि यसै समितिले तोकिए बमोजिम हुनेछ ।

४.३ कोष व्यवस्थापनमा देहाय बमोजिमको स्रोतबाट उपलब्ध रकम हुनेछः

क) गाउँपालिकाबाट कोषका लागि स्वीकृत रकम

ख) संघ, प्रदेश वा अन्य सरकारी निकायबाट तोकिए बमोजिम उपलब्ध रकम

ग) अन्य गैर सरकारी संघसंस्थाबाट कोषमा जम्मा गर्न भनी प्रदान गरेको रकम

घ) विभिन्न दातृ निकाय वा दाताहरुबाट सहयोग स्वरुप उपलब्ध रकम

## परिच्छेद ५
## विविध

५.१ यस कार्यविधिको लक्षित व्यक्ति वा समूहमा गोसाईकुण्ड गाउँपालिका क्षेत्रमा स्थायी वसोवास गरेका तथा अन्यत्रबाट वसाईसराइ गरी वसोवास गर्दै आएका अपाङ्गता भएका व्यक्तिहरु तथा निजको रेखदेख र स्याहारका लागि संलग्न परिवार सदस्यहरु हुनेछन् ।

५.२ कोषको वार्षिक कार्यक्रम तथा प्रगति प्रतिवेदन शाखाले तयार गरी संयोजकबाट गाउँसभामा पेश गर्नु पर्नेछ र सभाबाट सोको अध्ययन गरी निर्णय हुनेछ ।

५.३ कोषमा हरेक वर्ष आवश्यक रकम विनियोजन गर्न समितिले कार्यक्रम पेश गरी गाउँसभामा पहल गर्नेछ ।

प्रमाणिकरण मितिः २०७८।११।२३

आज्ञाले,
दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत